प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

☎: 21-460078
Fax:21-460446

पत्र संख्या :- ०७७/७८
चलानी नं. :- ३८६

दोस्रो पटक सूचना प्रकाशित मिति २०७७/०६/०९

## घरभाडा लिनेसम्बन्धी सूचना

यस मन्त्रालय अन्तर्गत स्थापना हुने पर्यटन कार्यालयको लागि तपशिल बमोजिमको घर भाडामा लिनु पर्ने भएकोले ईच्छुक घरधनी, फर्म वा संघसंस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र तोकिएको आवश्यक कागजात सहित रु १० को टिकट टाँसी शिलबन्दी निवेदन यस मन्त्रलयमा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. घर धरान उप-महानगरपालिकाको तीनकुने देखि जिरोप्वाइन्टसम्म मूल सडकबाट ५०० मिटर आसपासको क्षेत्रमा हुनुपर्नेछ ।
२.उक्त घर कम्तिमा ७ (सात) कोठा सहितको पक्की र घरसहित कम्तिमा ०-१-१०-० (एक कठ्ठा दश धुर) क्षेत्रफलमा फैलिएको हुनुपर्नेछ ।
३. उक्त घरमा गेटसहित कम्पाउण्ड वाल र यथेष्ट पार्किङ्ग सुविधा सहित दुई वटा गाडी आवातजावात गर्न मिल्ने पक्की सडकले छोएको हुनुपर्नेछ ।
४. उक्त घरमा पानी, बिजुली, शौचालय र ढलनिकाशको उचित प्रबन्ध भएको हुनुपर्नेछ ।
५.घर भाडा दिन इच्छुक घरधनी, फर्म वा संस्थाहरुले आफुले दिन चाहेको दररेट कर सहितको अकं र अक्षरमा खुलाई सो घर भएको स्थानको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, घरले चर्चेको जग्गाको तिर्नुपर्ने मालपोत तिरेको गत आ.व.को रसिद, घर निर्माण सम्पन्नको प्रमाणपत्र/अभिलेखिकरण, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी वा फर्म/संस्थाको हकमा फर्म दर्ता, नवीकरण, करचुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, दर्ता लगायतका प्रमाणपत्रका प्रतिलिपिहरु स्वंयले प्रमाणित गरी मिति २०७७/०७/१५ को कार्यालय समय भित्र सिलबन्दी गरी यस मन्त्रालयमा पेश गर्नुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिनेछ ।
६. घरभाडा रकम निर्धारण समितिले तोके अनुसारको हुनेछ । सो रकममा नियमानुसार लाग्ने कर कट्टी गरि बाँकी रकम भुक्तानी दिईनेछ र कार्यालयले प्रयोग गरेको अवधिको पानी तथा बिजुलीको महशुलको विल अनुसार कार्यालयले नै भुक्तानी गर्नेछ ।
७. घरभाडा लिने वा नलिने सम्बन्धमा निर्णय गर्ने अधिकार यस मन्त्रालयलाई हुनेछ ।
८. रित नपुगी वा तोकिएको सुविधाभन्दा कम सुविधा भएको घरधनी, फर्म वा संस्थाहरुबाट आएको निवेदन उपर कुनै कारवाही हुने छैन ।
९. अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, प्रदेश नं. १ मा भएको घरभाडा लिने सम्वन्धी व्यवस्था बमोजिम हुनेछ ।

अधिकृत तह नवौं